Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी


राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

बलम्पाकी रेष्टुरेन्ट




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३७७ साउन २० बुधबार,२०७८, August– 4Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# निरिह त्रियुगा नगरपालिका


❖ बुद्धि कुमार राई

*गाईघाट, साउन १९*

त्रियुगा नगरपालिका कडा रुपमा प्रस्तुत हुन नसक्दा अहिले गाईघाटका ब्यापारीहरुले नगरप्रहरीलाई हेप्न सुरु गरेका छन् । नगरप्रहरीको नजर भरी सामान हटाउँछन् जब नगर प्रहरी त्यहाँबाट हिड्छन् पुन सामान सडकपेटीमा राख्छन् ।

नगरपालिकाका नगर प्रहरीले पटक - पटक अनुरोध गरिसकेका छन् ब्यापारीहरुलाई सडकपेटीमा सामान नराख्न। अटेरी ब्यापारीहरुले भने कहिले बानी छाड्न सकेन। अहिले पनि सडकपेटी अबरुद्ध गरेर पैदलयात्रुलाई जोखिम मोल्न बाध्य बनाएका छन् । सडकपेटी भवन निर्माणको सामाग्री राखेर, ब्यापारको सामान राखेर सडकपेटी ओगटिरहेका छन् । नगरपालिकाले अहिले सडकपेटीको सामान नउठाएपछि शंकाको नजरले हेर्न थालिएको छ । सडकपेटीमा राखिएको सामान उठाउन नगरपालिकाले कसैलाई सोध्न र अनुमती लिनु पर्दैन ।तर अझै पनि नगरपालिका सडकपेटीको सामान उठाउन किन जाँगर चलाईरहेको छैन ? सडकपेटीमा भएको फोहोर, जङ्गल कसले सफा गर्ने हो त्यो पनि नगरपालिका गर्न सकिरहेको छैन । नगरपालिका केहि गर्न नै नसक्ने निरिह जस्तै देखिएको छ । नगरपालिकाले गरेको कुनै काम चित्तबुझ्दो छैन ।


















## नारायणी ग्याँस

## गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।



प्रोपाईटर - प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क - ९८४४०५०२७५

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# इन्टरनेटको स्तर बृद्धि गर

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा अहिले विभिन्न कम्पनीको इन्टरनेट सेवा प्रदायकहरुले जनतालाई वाईफाई को सुविधा दिईरहेको छ । सबै भन्दा धेरै ग्राहक सेवा भएको वर्ल्डलिङ्क, सुविसु, नेपाल टेलिकम लगायत अन्य इन्टरनेट सेवाहरु गाईघाटमा चलायमान अबस्थामा छ । जति धेरै सेवा दिने संस्थाहरु आयो सेवा उति सस्तो र गुणस्तर हुनुपर्नेमा उदयपुरमा यसको ठ्याक्कै उल्टो भएको छ ।

जिल्लामा सबै भन्दा पुरानो वर्ल्डलिङ्क इन्टरनेट सेवा हो । जिल्लामा सबैभन्दा धेरै ग्राहक सेवा भएको वर्ल्डलिङ्कको सेवा पनि सन्तोषजनक छैन । त्यस्तै सुविसुको पनि ग्राहक धेरै छन् तर सेवा भने जुनैको पनि उही समान जस्तै देखिन्छ। नेपाल टेलिकमको इन्टरनेट सेवा त झन कपिनस्नु ढिलो र कम चल्छ । यी संस्थाहरुले ग्राहकहरुलाई खुशी बनाउने किसिमको सेवा दिन सकिरहेको छैन। आफ्ना ग्राहकहरुलाई आर्कषण गर्न अफर दिने जस्ता चलन पनि यि इन्टरनेट सेवाहरुसँग कुनै योजना छैन । यी इन्टरनेट सेवाको सुबिधा अहिलेसम्म कस्तो छ भन्ने त्यो कुराको अनुगमन, अबलोकन गर्ने कुनै निकाय छैन । सेवा जस्तो भए पनि सेवा शुल्क भने जति तिर्नुपर्ने हो त्यो तिरिरहनुपर्दछ । सेवा कम दिएको या सेवामा गुणस्तर कम भएको सेवाको क्षतिपुर्ती पाउने अबस्था छैन । यि इन्टरनेट सेवा प्रदायक कम्पनीहरुमा प्रतिस्पर्धाको समेत कमी छ। अहिले इन्टरनेट सेवा कम्पनीहरु जसरी हुन्छ ग्राहक्हरुसँग जसरी हुन्छ अशुल गरिरहनुपर्ने सिद्धान्तमा लागिरेहेको छ । इन्टरनेट सेवा कम्पनीहरु आफ्नो क्षमता अघि बढाउनुको साटो जति धेरै ग्राहक बढाउनमा तम्सिरहेका हुन्छन् । आफ्ना ग्राहकहरुको गुनासो, समस्या सुन्ने समय हुदैन । गाईघाटमा वर्ल्डलिङ, सुबिसु, नेपाल टेलिकमको सेवा बाहेक अन्य कम्पनीले पनि सेवा दिईरहेका छन । ति कम्पनीहरुपनि अहिले ग्राहक सङ्ख्या बढाउने ध्यानमा लागिरहेका छन् ।

इन्टरनेट सेवा दिने संस्था कम्पनीहरुले अब ग्राहकलाई सहज, सुविधासम्पन्न, सरल तरिकाले क्सरी इन्टरनेट सेवा चलाउन सकिन्छ त्यसरीनै अबको योजनाहरु बनाईनुपर्दछ । लहरको भरमा गुणस्तरविहिन सेवाको शुल्क भने पुरा लिन पाईने नियममा पनि विचार गर्न जरुरी छ। इन्टरनेट सेवा बिना अहिलेको दैनिकी चलाउन असहज भएकाले पनि इन्टरनेट सेवा संस्थाहरु सेवामुखी हुनुपर्दछ। नाफा कमाउने भन्दा पनि आफ्नो ग्राहक्हरु टिकाईरहन अब सेवामा गुणस्तर दिनैपर्दछ। नाफा मात्र कमाउने हो भने यस्ता इन्टरनेट सेवाका सुविधा कसैको कोठाहरुमा यो सेवा बन्द हुनेछ। जति धेरै सेवा सुविधा बढायो उति धेरै ग्राहक सङ्ख्या बढ्छ भने सेवाको स्तर बृद्धि गर्दानै सबै उपभोक्ताहरुको मनमा बस्न सक्छ । त्यसैले सबैको हित हुनेछ । धेरै राम्रो सेवा प्रदान गर्ने हो भने अझ सेवाग्राही बढ्ने छ ।



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | *स्रोत: तरकारी बजार व्यवस्थापन समिति* | |



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको मुख्यचोकको उमेश घडी पसस अगाडी पैदलयात्रु हिड्ने सडकपेटीमा मोटरसाईकल चालकले मोटरसाईकल पार्क गरेपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले मोटरसाईक्लको पाङ्ग्रामा लक लगाएको छ। मंगलबार बिहान ७ बजे लगाएको लक बेलुकी ७ बजेसम्म पनि मोटरसाईकल धनी सम्पर्कमा नआएपछि हयान्डिल लक मोटरसाईकललाई अटोमा राखेर कारबाहीको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय लगेको छ । अहिले गाईघाटको ट्राफिक प्रहरी कडाईका साथ कारबाहीमा उत्रेको छ । तस्विर - बुद्धि कुमार राई







गाईघाट-कदमाहा (८७र४९
गाईघाट(लहान( १००।९५
गाईघाट(रुपनी(१५९।८६
गाईघाट(राजबबीराज(१८५।०९
गाईघाट(ईटहरी(३३७।९२
गाईघाट(धरान(३७१।२०
गाईघाट(बीराटनगर(३८२।७२
गाईघाट(बीर्तामोड(५३८।४८
गाईघाट(काकडभीठा(५५६।८०
गाईघाट(मींचैया(१६८।२७
गाईघाट(कटारी(२५२।४०
गाईघाट(ढल्केवर(२६०।८३
गाईघाट(जनकपुर(३०१।३१
गाईघाट(चन्द्रनीगाहपुर(३९५।४४
गाईघाट(पथलैया(५०४।८२
गाईघाट(बीरगन्ज(५८०।१०



गाईघाट(हेटौडा(५९६।९९
गाईघाट(नारायणघाट(७४०।४२
गाईघाट( काठमाण्डौं (११०३९ ।०७
गाईघाट ( पोखरा (१०९०।२१
गाईघाट ( जलजले चुहाडे ( ४४।८०
गाईघाट ( कालीखोला (६४।००
गाईघाट (होक्से (७६।८०
गाईघाट(नाम्चे(८९।६०
गाईघाट(कौवाई(११५।२०
गाईघाट(मुर्कुची(१२८।००
गाईघाट(अधेरी(१५३।६०
गाईघाट(फर्से(१६६।४०
गाईघाट(देउराली(१७९।२०
गाईघाट(नेपालटार(१९२।००
गाईघाट(रामपुर(३२१।२८
गाईघाट(जाँते(७६८।००

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# उदयपुरको कार्यालयहरुमा भका – भक संक्रमित देखिय, कार्यालय सातादिन बन्द

❖ संवाददाता




*उदयपुर, साउन १९*

त्रियुगा नगरपालिकाका ३ कर्मचारीमा कोविड संक्रमण देखिएपछि मंगलबार नगरपालिकाको कामकाज बन्द गरिएको छ। सोमबार परीक्षण गर्दा एक कर्मचारीमा संक्रमण पाइएपछि मंगलबार कामकाज रोक्ने निर्णय भएको नरपालिकाका सूचना अधिकारी विश्वजीत राईले बताए ।

कर्मचारीमा संक्रमण पुष्टि भएपछि सेवाग्राही र थप कर्मचारीमा संक्रमण हुन नदिन एकदिन कामकाज बन्द गर्ने निर्णय गरिएको हो । काम रोकेर मंगलबार नगरपालिकाका सबै कर्मचारीको एन्टीजेन परीक्षण गर्दा थप दुईजनामा पनि संक्रमण पुष्टि भएको उनले बताए । अघिल्लो दिन अधिकृतस्तरकी एक महिला कर्मचारी संक्रमित पाइएपछि मंगलबार नगरपालिकाका ७० जना (सबै) कर्मचारीको परीक्षण गरिएको नगर स्वास्थ्य शाखाका सहसंयोजक अवधनारायण चौधरीले बताए। सोमबार १० कर्मचारीको परीक्षाण गर्दा १ जनामा संक्रमण पाइएपछि मंगलबार गरिएको अन्यको परीक्षणमा एक अधिकृतस्तर र एक सहायक कर्मचारीमा संक्रमण पुष्टि भएको चौधरीले बताएका छन्। सोमबार त्रियुगा नगरपालिकामा ११ महिलासहित १९ जनामा संक्रमण पुष्टि भएको थियो । जिल्लाभरी ११ महिलासहित ३० जना संक्रमित पाइदा कटारी नगरपालिकामा ७ र लिमचुङबुङ गाउँपालिकामा ४ जना संक्रमित थिए ।

पछिल्लो समय निशेधाज्ञा खुलेसँगै कोविड संक्रमण देखिने क्रम चलिरहेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। कोविडकै कारण ३ दिनअघिदेखि मात्र त्रियुगा नगरपालिका २ नं. वडालाई सिल गरिएको छ। एकाघरका ३ जनाको कोविडले ज्यान लिएपछि सातादिनका लागि वडा सिल गरिएको वडाध्यक्ष घमानसिंह खत्रीले बताए। २५ दिनभित्र एकाघरका दुई पुरुष र एक महिलाको ज्यान कोविडले लुटेपछि प्रशासन र स्वास्थ्यको परामर्शमा २ नं.वडाको खैजनपुर सिल गरिएको वडाध्यक्ष खत्रीले बताएका छन् ।

जिल्लामा हाल १ सय २० महिलासहित २ सय ७० जना सक्रीय संक्रमित रहेका छन् भने १ हजार २ सय २२ महिलासहित २ हजार ६ सय ४६ जना संक्रमित निको भएका छन् । त्यस्तै कोविडका कारण जिल्लामा १६ महिलासहित ५२ जनाको दुःखद निधन भएको स्वास्थ्य कार्यालयको अभिलेखमा उल्लेख छ ।



*गाईघाट, साउन १९*

मालपोत कार्यालय उदयपुरमा १ हप्ताका लागि सेवा बन्द गरिएको छ । कार्यालयका एक कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको र अन्य कर्मचारीहरुमा पनि मिल्दो जुल्दो लक्षण देखा परेको भन्दै एक हप्ताको लागि सेवा बन्द गरिएको सम्बन्धि कार्यालयले सूचना प्रकाशन गरेको छ ।

जिल्ला प्रशासन कार्यालय उदयपुरको १९ गतेको पत्र अनुसार कर्मचारी र सेवाग्राहिहरुमा थप संक्रमण फैलन नदिन एक हप्ताका लागि कार्यालयको सम्पूर्ण काम कार्वाही ठप्प पार्न निर्देशन आए अनुसार सेवा ठप्प हुने भएको पत्रमा उल्लेख गरिएको छ ।

प्रशासनले १९ गते बाट २५ गते सम्म सेवा बन्द गर्न निर्देशन दिएको पत्रमा भनिएको छ। कार्यालयको आन्तरिक काम कार्य बाहेक सम्पूर्ण सेवाहरु एक साता सम्म ठप्प पारिएको छ ।









Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# ओलम्पिक फुटबलमा स्पेन र ब्राजिलको जित

❖ बिबेक राई

*काठमाडौं, साउन १९*

जापानमा भइरहेको ओलम्पिक अन्तर्गतको पुरुष फुटबलमा स्पेन र ब्राजिलले जीत हात पारेका छन्। स्पेनले आयोजक जापानलाई र ब्राजिलले मेक्सिकोलाई पराजित गरे। जीत हात पारेसँगै स्पेन र ब्राजिलले फाइनलमा स्वर्ण पदकको लागि प्रतिस्पर्धा गर्ने पक्का भएको छ।तर दुवै टोलीलाई जीत हातपार्न यति हम्मे पऱ्यो कि स्पेनले अतिरिक्त समयको सहारा र ब्राजिलले त अतिरिक्त समयमा पनि नसकेर पेनाल्टी शुटआउटको सहारा लिनुपऱ्यो। ब्राजिल र मेक्सिकोले सुरुको निर्धारित ९० मिनेट गोलरहित बराबरी खेलेका थिए।

त्यसपछि थप गरिएको अतिरिक्त ३० मिनेटपनि गोलरहित बराबरी कायम रहिरहेपछि खेलको नतिजाको लागि पेनाल्टी शुटआउट लिइएको थियो। टाइब्रेकरमा ४-१ को जीत हातपारेपछि ब्राजिलले कम्तीमा रजत पदक पक्का गरेको छ। ब्राजिल यसअघिको ओलम्पिकको स्वर्ण पदक विजेता हो। चारवर्ष अघिको ओलम्पिकमा जर्मनी, नाइजेरिया र होण्डुरस क्रमश: दोस्रो, तेस्रो र चौथो भएका थिए। तर यसपटक यी तीन टोली सेमिफाइनलसम्म पनि पुग्न सकेनन्। सेमिफाइनल त के जर्मनी र होण्डुरसले समुह चरणसमेत पार गर्नु सकेनन्।

नाइजेरिया त छनौटसमेत हुन सकेन। उसो त यसपटक ओलम्पिक एकवर्ष ढिला भइरहेको छ। एकवर्षअघि २०२० मा हुनुपर्ने भएपनि यसको नाम ओलम्पिक २०२० नै राखिएको छ। मंगलबार नै भएको दोस्रो सेमिफाइनलमा आयोजक टोलीमाथि १-० को संघर्षपूर्ण जीत निकाल्दै स्पेन फाइनल पुग्न सफल भयो। निर्धारित ९० मिनेटपछि थप ३० मिनेटको अतिरिक्त समयको दोस्रो हाफमा गोल गरेपछि स्पेन अन्तिम समयमा आएर भाग्यमानि साबित भयो।

११२ औं मिनेटमा मार्को असेन्सीयोले गोल गरेपछि अन्तिम समयमा आएर आयोजक टोली हिस्स बन्यो। पराजितभएपनि जापान र मेक्सिकोले कास्य पदकको लागि प्रतिस्पर्धा गर्नुपाउनेछ। जापान र मेक्सिकोले यहि शुक्रबार एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन्। एकदिन अघिमात्र ओलम्पिक महिला फुटबलको पनि सेमिफाइनल खेल सम्पन्न भएको थियो। सोमबार भएको उक्त सेमिफाइनलमा स्वीडेनले अष्ट्रियालाई र क्यानाडाले अमेरिकालाई समान १-० लेहराउँदै फाइनल पक्का गरेका थिए।

त्यसैगरि एन्फा प्रवक्ता तथा सदस्य किरण राईले राजीनामा दिएको एकदिनपछि नेपाली फुटबलका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरी र एन्फा वरिष्ठ उपाध्यक्षक पंकज विक्रम नेम्वाङबीच अहिलेको कुरालाई बिर्सेर अघि बढ्ने सहमति भएको छ। दुवैले नेपाली फुटबलको थप विकासको लागि अहिलेको विवादजस्तो देखिएको कुरालाई बिर्सेर अघि बढ्ने भएपछि नेपाली फुटबलप्रेमीहरु खुशि भएका छन्। एन्फा प्रवक्ता राईले सोमबारमात्र राजीनामा दिएका थिए। एन्फाले वरिष्ठ उपाध्यक्ष र मुख्य प्रशिक्षकको मामलालाई सुल्झाउन नसकेको कुरामा उनी असन्तुष्ट थिए। उनीमात्र नभएर धेरैले एन्फाले विधानविपरीत समस्याको सामाधान नगरेर मन्त्रालयसम्म कुरा पुऱ्याएको भन्दैएन्फाको आलोचना गरेको थियो। पूर्व एन्फा अध्यक्ष गणेश थापाले पनि एन्फाले उक्त कुरालाई मन्त्रालयसम्म लाने गरेको निर्णय विधानविपरीत रहेको भन्दै फेसबुकमा स्टाटस लेखेका थिए। एन्फा प्रवक्ता राईले वरिष्ठ उपाध्यक्षको रोहबरमा अध्यक्षज्यूलाई राजीनामा बुझाइयो भन्दै फेसबुकमा फोटो हालेका थिए। उनले राजीनामा बुझाएकै दिन प्रशिक्षक अल्मुताइरीले पनि नेपाली अनलाइन मिडियामा दिएको अर्न्तवार्तासम्बन्धी इमान्दारीता पूर्वक माफि मागेका थिए।

अल्मुताइरीले फेसबुकमा स्टाटस लेख्दै सम्पूर्ण नेपाली फुटबलप्रेमी, खेलाडी, नेपालीसँग माफि मागेका थिए। उनले खेलाडीको खेल विकासको लागि एन्फा पदाधिकारीको मानसिकतामा पनि परिवर्तन हुनुपर्ने भनेर मिडियामा बताएका थिए। पछि उनले नेम्वाङको कारण राजीनामा दिने र नेम्वाङले पनि आफूमाथि लगाइएको गम्भीर विषयको छानबिन हुनुपर्ने बताएपछि एन्फामा विवाद आएको धेरैले अनुमान लाएका थिए। तर अल्मुताइरीले आफ्नो बोलीले ठेस पुऱ्याएमा माफि मागेपछि एन्फा विवाद सुल्झिएको छ।





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:- **बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४, ९८५२८३७५८२




यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४




त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना

श्री त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur
TCCI

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट